प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

## होटल, पार्टी प्यालेस तथा सार्वजनिक/सामुदायिक संस्थाको भवनमा आइसोलेसन सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०७७/०५/२३

प्रदेश नं. १ को Provincial COVID Crisis Management Center (PCCMC) को मिति २०७७/५/१८ गतेको बैठकबाट प्रदेशमा कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर गरी विराटनगर केन्द्रित भएर कम्तिमा १,००० बेड क्षमताको आइसोलेसन केन्द्र यथाशिघ्र थप गर्ने निर्णय भए बमोजिम लक्षण नभएका कोभिड-१९ बाट संक्रमित व्यक्तिहरुलाई आइसोलेसनमा राख्ने प्रयोजनका लागि विराटनगर क्षेत्रमा रहेका होटल, पार्टी प्यालेस तथा सार्वजनिक/सामुदायिक भवनहरूलाई यो सूचना प्रकाशित भएको ३ (तीन) दिन भित्र निम्न शर्तको अधीनमा रही यस मन्त्रालयमा प्रतिदिन प्रतिव्यक्ति दररेट सहितको प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

१. होटल आइसोलेसन/पार्टी प्यालेसमा आइसोलेसन सञ्चालन सम्बन्धी शर्तहरू

(क) होटल/पार्टी प्यालेसको सुरक्षाको लागि आफ्नै कम्पाउण्डवाल भएको हुनु पर्नेछ ।

(ख) २४ घण्टै सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्नेछ ।

(ग) कोरोना संक्रमित विरामी राख्न यस मन्त्रालयसँग सम्झौता भए पश्चात सम्झौता अवधिभर अन्य सेवाग्राही राख्न पाईने छैन ।

(घ) संक्रमित व्यक्तिलाई विहानको खाजा, दिउसो खाना सेट, बेलुकी खाजा तथा साँझ खाना सेट उपलब्ध गराउनु पर्नेछ । प्रत्येक खाना सेटमा दुई थोक तरकारी, दाल, भात र अचार हुनु पर्नेछ । तरकारीमा हरियो साग सब्जी अनिवार्य हुनुपर्नेछ र खाना सेटमा कम्तिमा हप्ताको दुई छाक खसीको मासु उपलब्ध गराउनुपर्नेछ ।

(ङ) प्रत्येक कोठामा तातोपानी तताउने व्यवस्था हुनु पर्नेछ ।

(च) काम गर्ने कर्मचारीहरुको लागि छुट्टै बस्ने (क्वारेन्टिन) व्यवस्था प्रस्तावदाता आफैले मिलाउनु पर्नेछ। न्यूनतम जनशक्तिबाट होटल सञ्चालनमा ल्याउनु पर्नेछ ।

(छ) प्रस्तावदाता आफैले संक्रमित व्यक्तिबाट निस्किएको फोहोरलाई छुट्टै संकलन गरी आफ्नो परिसर भित्रै सुरक्षित रुपमा विसर्जन गर्नु पर्नेछ ।

(ज) संक्रमित व्यक्तिले ओढ्न ओछ्याउन प्रयोग गरेका कपडा आफ्नो परिसर भित्रै सुरक्षित तवरले धुने व्यवस्था प्रस्तावदाता आफैले मिलाउनु पर्नेछ ।

(झ) संक्रमित व्यक्तिका लागि प्याकिङ खाना र खाजा संक्रमित बसेको कोठामा नै पुऱ्याउनु पर्नेछ।

अधिकृत सातौं

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

२. सार्वजनिक/सामुदायिक भवनमा आइसोलेसन सञ्चालन सम्बन्धी शर्तहरू

(क) सार्वजनिक/सामुदायिक भवन सञ्चालन गर्ने संस्थाले आफैले आइसोलेसन सञ्चालन गर्न वा आइसोलेसन सञ्चालन गर्नको लागि मन्त्रालयलाई भवन मात्र उपलब्ध गराउन सक्नेछन्। यसरी आफैले आइसोलेसन सञ्चालन गर्न चाहेमा सञ्चालनका शर्तहरू होटल/पार्टी प्यालेस आइसोलेसन सञ्चालनका शर्तहरू सरह हुनेछ।

(ख) सार्वजनिक/सामुदायिक भवनमा संस्था आफैले आइसोलेसन सञ्चालन नगरी मन्त्रालयलाई भवन मात्र उपलब्ध गराएमा उक्त भवन आइसोलेसन सञ्चालनका लागि उपयुक्त भएमा सो भवनमा आइसोलेसन सञ्चालन र व्यवस्थापन मन्त्रालय आफैले गर्नेछ।

३. संक्रमित व्यक्तिको नियमित स्वास्थ्य परिक्षण मन्त्रालयले तोकेको स्वास्थ्यकर्मीबाट हुनेछ । संक्रमित व्यक्तिको स्वास्थ्य अवस्था विग्रिएमा स्वास्थ्यकर्मीको सिफारिसमा अस्पतालमा संक्रमित बिरामीलाई रिफर गरिनेछ ।

४. आइसोलेसनमा बसेका संक्रमितको PCR परीक्षण मन्त्रालयबाट गराइनेछ। उक्त परीक्षणको नतिजा नेगेटिभ आएमा आइसोलेसन स्थलबाट होम क्वारेन्टिनमा पठाइनेछ ।

५. प्रति संक्रमित, प्रति दिन आईसोलेसनमा बसेको आधारमा मन्त्रालयबाट सम्झौता भए बमोजिमको रकम भुक्तानी गरिनेछ । यसको अतिरिक्त मन्त्रालयले अन्य कुनै रकम भुक्तानी गर्ने छैन ।

६. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा आफ्नो होटल/पार्टी प्यालेस/सार्वजनिक/सामुदायिक भवनका कोठा संख्या, संक्रमित राख्न सक्ने बेड क्षमता, शौचालय तथा बाथरूमको संख्या, भवन रहेको जग्गाको क्षेत्रफल, पालो पहराको व्यवस्था, मन्त्रालयबाट संक्रमितहरूको निगरानी तथा स्वास्थ्य परीक्षणमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरू बस्नको लागि संक्रमितहरू बस्ने भन्दा अलग्गै स्थानमा छुट्टै कोठाहरू भए/नभएको कुरा खुलाई प्रस्ताव पेश गर्नु पर्नेछ।

७. पेश गर्नुपर्ने कागजातहरू

(क) संस्था दर्ता तथा नवीकरण प्रमाणपत्र,

(ख) मु.अ. कर दर्ता तथा आ.व. २०७५/७६ को कर चुक्ता प्रमाणपत्र (होटल र पार्टी प्यालेसको हकमा मात्र)।

८. यस सूचना बमोजिम प्रस्तावदाताबाट प्रस्ताव प्राप्त भएपछि स्वच्छ र उचित मूल्यका लागि प्रस्तावदातासँग वार्ता गरिनेछ।

९. वार्ता गर्ने स्थान, समय र मिति:- सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर, देवकोटा चौक, दिनको १:०० बजेबाट

(क) पार्टी प्यालेसका लागि: मिति २०७७/०५/२६ गते

(ख) होटलका लागि: मिति २०७७/०५/२७ गते

(ग) सामुदायिक भवनका लागि: मिति २०७७/०५/२८ गते

१०. थप जानकारीका लागि यस मन्त्रालयका अधिकृत रमेश खतिवडा (मो. ९८५२६२०५०७) लाई सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।



अधिकृत सातौं